# अमेरिकामा स्वयंसेवी रक्तदान-एक अनुभव



- डा. नन्द रेग्मी
अध्यक्ष
ब्लड डोनर अफ अमेरिका, संयुक्त राज्य अमेरिका

रक्तदानको महत्व सबैले सुनेको र बुझेकै विषय हो । ता पनि यस बारेमा गहिरो मनन गरी यस पुण्यकार्यमा निरन्तर लाग्ने व्यक्तिहरू कम छन् । तर रगतको खाँचो पुरा गर्ने माध्यम रक्तदान सिवाय अर्को छैन । रक्तदान, दानमध्ये कै उच्चकोटीको दान र जीवन बचाउने महादान पनि हो । यसबाट पुण्य, धर्म, सन्तोष तथा आत्म गौरव सम्पूर्ण प्राप्त हुन्छ । रक्तदान गरेको दिन जीवनको एक महत्वपूर्ण काम गरेको अनुभव जस्तो लाग्छ । तर पनि किन मानिसहरू स्वतःस्फुर्त रक्तदान कार्यमा सहभागी हुँदैनन् अमेरिकामा जनसंख्याको ३८ प्रतिशत मानिस रक्तदानलाई योग्य छन् तर पनि १० प्रतिशतभन्दा कमैले मात्र रक्तदान गर्दछन् । जहाँ कि जनसंख्याको ३२ प्रतिशत अमेरिकी मानिस स्नातक डिग्री वा त्योभन्दा माथिको शिक्षा लिएका छन् ।

अनुसन्धानका अनुसार सुई घोच्न वा सुई देखेर डराउने, रगत दान गर्दा कमजोर भइन्छ भन्ने अन्धविश्वास र रगत देख्न नसक्ने कारणले धेरैले यो कार्य गर्न नचाहने देखिन्छ । अझ भन्नुपर्दा यो चेतना तथा सेवाभावको कमी, बेवास्ता, गम्भीरताको कमी अथवा गहिरोसंग महशुस नगरेर भएको हुनुपर्छ । त्यसका अलावा आफु स्वस्थ रहन रक्तदानले कसरी सहयोग गर्छ भन्ने विज्ञान थाहा नपाएर पनि अधिक व्यक्तिहरू रक्तदानमा सरिक हुँदैनन् । नियमित रक्तदाताहरू स्वस्थ जीवन र लामो आयु बाँच्ने बारे धरै कमलाई मात्र थाहा छ । अर्कोतर्फ थुप्रै प्राविधिक (Biological Factors) कारणले गर्दा रक्तदाता हुन चाहे पनि मानिस रक्तदाता हुन सक्दैनन् ।

रगतको खाँचो विकसित र विकासोन्मुख राष्ट्र सबैमा उत्तिकै छ । युद्धमा परेर, गोलिकाण्डमा परेर, प्राकृतिक प्रकोपमा परेर, सडक दुर्घटनामा परेर, दीर्घरोगी भई अथवा उपचारको सन्दर्भमा या अधिक रक्तश्राव बनाउने कुनै अवस्थाका कारणले रगतको खाँचो पर्दछ । विज्ञान र प्रविधिको गुणस्तरयुक्त प्रयोग गर्न सक्ने देशहरूमा पनि रगतको खाँचो परि नै रहन्छ । अमेरिकामा पनि यसबाट अछुतो छैन । आज पनि अमेरिकामा ४० लाख मानिसहरू अर्काको रगतमा जीवन बाँच्दछन् र प्रत्येक २ सेकेण्डमा कुनै एकलाई रगत चाहिएको हुन्छ । तर यो पुरा गर्ने कसरी ? यो मात्र रक्तदानबाट पूरा गर्नुपर्दछ । यसर्थ धेरैभन्दा धेरै रक्तदाता तयार हुनु नै रगतको अभाव पूरा गर्ने एकमात्र उपाय हो ।

हाम्रा पितापुर्खाहरू अत्यन्त इमान्दार, मिलनसार, मेहनति, सहयोगी तथा दाता थिए । हामी शिक्षा, अवसर, सीप, आर्थिक उपार्जन, रोजगारी या अन्य विविध कारणले अमेरिका आए पनि हाम्रा पुर्खाको सेवाभाव र कर्तव्यपरायणको प्रभाव हामीमा छ । हामी जहाँ पुग्छौं त्यस राष्ट्रमा हाम्रो पुर्खाको गौरव तथा नेपालको नामलाई उच्च राख्नका नै हामीले गर्दै आएका छौं ।

यिनै तथ्यहरूलाई मध्यनजर गर्दै रक्तदानमा एक/दुईजना मात्र नभई सकेसम्म धेरैको सहभागिता चाहिन्छ र यसको माध्यमबाट नेपाल र नेपालीको विश्वव्यापी प्रतिष्ठा बढाउन सकिन्छ भन्दै नेपाली अमेरिकी रक्तदाताहरूले **बिडिएको स्थापना** २००९ मा गरी यसै संस्थाको माध्यमबाट अमेरिकाभरि छरिएर रहेका नेपाली अमेरिकी रक्तदाताहरूलाई एकजुट बनाउँदै रक्तदाताको अभियान संचालन गर्दै आएका

छौं । रक्तदान अभियानलाई तिब्रता दिनको निम्ति संस्था बनाए तापनि यसलाई विस्तार गर्न र यस संस्था प्रति भरोसा सिर्जन गर्न भने सजिलो काम थिएन ।

२००९ मा स्थापना भएको संस्थाले २०१६ मा गएर मात्र प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न गर्न सकियो । ती बीचका ७ वर्षसम्म संस्थाको विधान बनाउने, संस्था दर्ता गर्ने, संस्थाको संगठन देशव्यापी बनाउने, सदस्यता बनाउने, संस्थालाई देश भित्र र बाहिर चिनाउने, अन्तर्राष्ट्रिय सहयोगी संस्थाहरूसंग मित्रता कायम गर्ने, संस्थाको website (http://blooddonorsof America.org/bda/) निर्माण गर्ने, अथवा संस्थाको आधारभूत अस्थिपञ्जर बनाउने काममा लाग्नु पर्‍यो । बितेका ती ७ वर्षमा बनेका ३ वटा कार्यसमितिले निरन्तर काम गर्दै जाँदा नेपालीमूलका अन्य संस्थाहरूसंग एकाकार हुँदै लगभग ५,००० पीन्ट रक्तदान र ३०० भन्दा बढी रक्तदातालाई संगठित गर्न सक्यौं । २०१६ को प्रथम राष्ट्रिय सम्मेलनको तयारी र प्रचारप्रसारले संस्थालाई अझ विस्तृत भरपर्दो बनाउन निकै सहयोग गर्‍यो ।

२०१६ को मेमा प्रथम राष्ट्रिय सम्मेलन डालास टेक्सासमा सम्पन्न गर्न मेरो संयोजकत्वमा प्रथम राष्ट्रिय सम्मेलन आयोजक समिति बन्यो । मे २७ देखि २९, २०१६ मा तीन दिनसम्म चलेको प्रथम सम्मेलनले वृहत रक्तदान, निःशुल्क स्वास्थ्य परिक्षण, निःशुल्क आँखा जाँच, खेलकूद, सांस्कृतिक कार्यक्रम तथा विविध कार्यक्रम सम्पन्न गर्‍यो । नेपाली र अमेरिकी समाजलाई रक्तदानमा सहभागी गराउने हेतुले हामीले सम्मेलनको नारा “Assimilation with Society Through Blood Donation” वसुधैव कुटुम्बकम “Entire World Constitutes but a family” छान्यौं । सम्मेलनमा International Federation of Blood Donor Organization (IFBDO) का अध्यक्ष Gianfranco Massaro को पनि उपस्थिति रहन सक्यो । अमेरिकाका विभिन्न राज्यबाट उपस्थित भएका रक्तदाताहरू र विभिन्न संघसंस्थाको उपस्थितिले बिडिए अत्यन्त प्रचारित भयो ।

प्रथम राष्ट्रिय सम्मेलनले पनि मेरै अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति निर्वाचित गर्‍यो । प्रथम सम्मेलनकै सफलताको आलोकमा हामी निरन्तर बढ्दा विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय कामहरू गर्दै आइरहेको छौं । संस्थाको विस्तार कै काममा आज अमेरिकामा २८ राज्यमा राज्य संयोजक रही बाँकी २२ राज्यमा उसका सम्पर्क विस्तार भै राखेको छ । सदस्यता निरन्तर बढ्दो छ । संस्थाको कामको दायरा निकै फराकिलो भएको छ र भौगोलिक क्षेत्र र कार्यक्षेत्र निकै विस्तार भएको छ । यसरी संस्थाको मुख्य नेतृत्व, केन्द्रीय समिति र राज्यस्तरको समितिहरू बनाई सकेपछि रक्तदान कार्यलाई अझ व्यापक हिसाबले प्रचारप्रसार गर्दै अमेरिकी नेपालीहरूको परदेशमा एउटा गौरवको सेवामूलक संस्था बनाउने उद्देश्यले हामीहरू कार्यरत छौं । फलस्वरुप बिडिए आजका दिनमा अमेरिकामा अत्यन्त सम्मानित र आदरयुक्त संस्थाको रुपमा रहेको छ । परन्तु Volunteer भएर समय पुर्‍याउनु निकै कठिनाई पनि भएको छ ।

अमेरिकामा नेपालीहरूले अझै पनि आफ्नो परिचय बनाउँदै स्थिर जीवनशैली बनाउन संघर्षरत छ । रक्तदानबाट स्वस्थ गुणस्तरयुक्त जीवन बाँच्न सकिने तथ्य नेपाली अमेरिकन लगायत अन्य समुदायलाई बुझाउनु निकै आवश्यक देखिन्छ । बसाईसराई संगै आइपर्ने थुप्रै समस्याहरू भाषा, संस्कृति, जागीर, प्रणालीको ज्ञान, हावापानी, सीप, शिक्षा आदिले पार्ने प्रभाव आफ्नै ठाउँमा छ । नियमित स्वास्थ्य परिक्षण नगर्ने हाम्रो संस्कृति समय अभाव तथा महँगो स्वास्थ्य बीमा जस्ता कारणले थुप्रै नेपालीले अमेरिकामा अकालमा ज्यान गुमाइसकेका छन् । नियमित रक्तदानी भए केहि हदसम्म त्यो अवस्थाबाट बच्न सकिन्छ भन्ने तथ्य धेरैलाई थाहा छैन । अमेरिकामा रक्तदानका लागि स्वस्थ बीमा नभए पनि रक्तदान गर्न सकिने र

यसबाट प्रारम्भिक स्वास्थ्य जाँचको निःशुल्क सेवा प्राप्त हुने गर्दछ ।

विश्व स्वास्थ्य संगठन (WHO) का अनुसार सबैभन्दा धरै मानिस मार्ने रोगहरू मध्ये Coronary Artery Deasease (CAD), Sroke, Infection (HIV, Influenza), Cancers, Diabetes जस्ता रोगहरू पनि नियमित रक्तदाताहरूले या त बैलैमा थाहा पाउँछन् या कम गर्न सक्छन् । Excessive Cholestrol, Iron, Sugar जस्ता वस्तुहरू शरीरबाट निकाल्न सके स्वस्थ्य हुने आधार बन्छ । अमेरिकामा आफुले दान गर्ने रगत अर्को व्यक्तिमा Transfuse हुनु अघि आफ्नो रगतमा हुने परिक्षणले स्वस्थ रहन सहयोग पुग्ने कुरा बताउन अति महत्वपूर्ण छ । यसबाट १४ किसिमका रोगहरू (जसले जीवनलाई जोखिममा पार्छन्) बाट समयमा नै बच्न सकिन्छ । यसैकारण हामी जहाँ पनि नेपालीमूलका आप्रवासी संघसंस्थाहरूको कार्यक्रम, सम्मेलन, सभा रहन्छ, हामी त्यहाँ पुग्दछौं र रक्तदान कार्यक्रम राख्दछौं । तर यसो गर्न सोचेजस्तो सजिलो भने पक्कै छैन ।

रक्तदान अभियानमा जति समय लगाए पनि त्यो आदरणीय र उच्चकोटीको सेवा हो । यो अभियानमा अझ बढी सजगता, जागरुकता र धेरैधेरै स्वयंसेवी निर्माण गर्न बिडिएले समाजका हरेक तह तप्कालाई छुने कार्यक्रमहरू संचालन गर्दै आएको छ । नयाँ पिंढी, स्कूल/कलेजमा पढ्ने भाइबहिनीहरू पनि रक्तदानबारे सोचुन्, मनन् गरुन् र स्वयंसेवी रक्तदाता बनुन् भन्ने हिसाबले विभिन्न कार्यक्रमहरू जस्तै निबन्ध प्रतियोगिता, हाईस्कूल स्तरीय कविता प्रतियोगिताको आयोजना अमेरिका तथा नेपालमा गरेका छौं । खेलाडिहरू पनि रक्तदानमा सरिक भई यसको चेतना बुद्धि गरुन् भन्दै बिडिएको सम्मेलनमा खेलकूद कार्यक्रम गरेका छौं । प्राज्ञिक वर्गको सहयोग रहोस् र उनीहरूले लेखेर, कविता वाचन गरेर स्वयंसेवी रक्तदाता निर्माण गर्न सहयोग पुऱ्याउन भन्दै प्रतियोगिता आयोजना गर्ने गरेका छौं ।

त्यस्तै प्राकृतिक प्रकोपमा परेका नेपाल लगायत संसारभरिका मानिससंग बिडिएलाई एकाकार बनाउँदै उनीहरूलाई सक्दो आर्थिक सहयोग पनि पुऱ्याउँदै आइरहेका छौं । हाम्रो संस्थाको उद्देश्यसंग मेल खाने अन्य स्थानीय तथा राष्ट्रिय संस्थाहरू र अन्तर्राष्ट्रिय संस्थाहरूसंग भाइचारा र बन्धुत्वको सम्बन्ध विस्तार गरेका छौं । रक्तदाताहरूले स्वस्थ र गुणस्तरको जीवन बाँच्न सक्छन् भन्ने तथ्य विश्वविख्यात वैज्ञानिकहरूको सेमिनार आयोजना गरी बताउने गरेका छौं । यसका साथै स्वस्थ जीवन र रोगबाट बच्नका लागि वैज्ञानिक उपायका बारेमा Talk कार्यक्रम पनि राखेका छौं । यी सबै कामहरू रक्तदाताहरूलाई दिक्षित र स्वस्थ बनाउने उद्देश्यबाट प्रेरित छन् ।

अत्यन्त व्यस्त जीवनशैली र अहोरात्र मेहनत गर्नुपर्ने कामको अवस्थामा रक्तदाताहरूले देशव्यापी फैलिएको र विस्तार हुँदै गरेको Volunteer संस्था त्रियाशील बनाई रहन तथा कुनै पनि बेला त्यसका निम्ति आफुलाई तयार राख्न र संस्था दुरुस्त राख्न चुनौतिपूर्ण काम हो । यो काम निःस्वार्थ समर्पण विना सम्भव पनि छैन । यो कुनै मुनाफाको निम्ति गरिएको काम होइन । न त कुनै मान र सम्मानका खातिर नै । परन्तु मानवीय सेवाभावबाट प्रेरित भएर र यसको महत्व बुझेर नै यो काम गरिएको हो । चुनौतिपूर्णको व्यावसायिक कामको समय, पारिवारिक समय र आफ्नो व्यक्तिगत समयलाई कटाउँदै संस्थाप्रति समय लगाउनु परेको हुन्छ । संस्था बनाएर मात्र नभई त्यसप्रति आफ्नो दायित्व सम्झेर लामो समयसम्म सहयोग पुऱ्याइ रहने दृढता निकै थोरै मानिसमा मात्र पाइन्छ । संस्थाको निम्ति भरोसायोग्य व्यक्ति सक्षम एवं इच्छुक पाउन पनि चुनौति नै छ । पद ग्रहण गर्न इच्छा व्यक्त गर्ने नेपाली परम्परा छ तर पदिय जिम्मेवारी मुताविक उत्पादनमुखि बन्न नचाहने वा आफ्नो क्षमता भन्दा माथिको पद इच्छा गर्दा परिणाममुखि बन्न नसक्ने नेपाली संस्कृति नै छ । पद ग्रहण गरेपछि त्यसमा बसिरहन खोज्ने प्रवृति पनि हामी मै छ ।

आफ्नो कार्यकालको उपलब्धी, रचनात्मक बनाउँदै संस्थको चौतर्फि विकासमा आफु कसरी सहयोगी बन्न सक्छु भन्ने चाहना धेरै कम मानिसमा मात्र पाइन्छ ।

त्यसको अलावा अमेरिकाको व्यावसायिक जीवनशैलीमा सदा सक्रिय भएर संस्थालाई निरन्तर नेतृत्व दिनु चुनौतिपूर्ण काम हो । यसलाई हाम्रो प्रवृतिले पनि अप्ठेरो पारेको छ । पटकपटक इमेल, टेस्क, फोन गरेर सम्पर्क गर्न खोज्दा वास्ता नगर्ने, भएको सम्पर्कलाई जिवित र उपयोगी बनाउन प्रयत्न नगर्ने, अझ त्यसलाई वेवास्ता गर्ने पनि हामी भित्र नै छ । जिम्मेवारीमा छ, पदलिने इच्छा र पदिय मर्यादाले मख्ख छ, पदिय परिचय दिंदा गौरव कै महसुस गरे पनि संस्थाको काम भनेपछि मलाई फुर्सद भएन भन्ने, बैठकमा उपस्थित नहुने र पटकपटकको सम्पर्कको प्रयासलाई उपेच्छा गर्ने पनि नेपालीको संस्कार नै छ । मान र पदको भोक तर जिम्मेवारी पुरा गर्नु नपर्ने प्रवृति । आफ्नो जीवनको महत्वपूर्ण समय, संस्थाप्रति दिएको वचन र स्वीकार गरेको दायित्वमा निस्वार्थ लागिरहने व्यक्तिहरू सामाजिक संस्थामा बहुत थोरै छन् । त्यसमाथि रगत दिने र सेवा कमाउने, आर्थिक लाभ नभएको संस्थामा त झन न्यून हुनु स्वाभाविक नै हो । आफुले समय खर्चेको संस्थामा सदा सकारात्मक रही सुझाव दिन र सक्दो सहयोग गर्ने बानी परिनसकेको नेपाली समाजमा अमेरिकामा क्रियाशील र इमान्दार संस्थाको विकास र विस्तार गराउन चुनौतिपूर्ण छ ।

अनेकौं किसिमका चुनौतिहरू र असिमित समय लगाउनु पर्ने काम भए पनि रक्तदान गर्दै स्वयंसेवी बन्नु महान् कार्य हो र रक्तदाता महादानी हुन् । आफ्नो जीवनमा आफुलाई र आफ्नो परिवारलाई मात्र नभएर अन्यलाई पनि गर्न सक्ने सेवामा आफुलाई सरिक गराउनु सह्रानीय काम हो । चुनौतियुक्त राम्रा कामका कारणले नै जीवन सफल बन्दछ । अमेरिका भरि छरिएर रहेका अमेरिकन नेपाली रक्तदाताहरूलाई हौसला प्रदान गर्न एक आपसमा चिनारी र मित्रता विस्तार गर्न तथा संस्थामा काम गर्दा आइपर्ने समस्याहरूलाई छलफल गर्दै बाटो निकाल्न, नयाँ कार्यक्रम तय गर्न र त्यसलाई नेतृत्व प्रदान गर्न बिडिएको दोस्रो राष्ट्रिय सम्मेलन आयोजना भएको छ । May 26, 2018 मा Atlanta Georgia मा हुने सम्मेलनमा हामीले धेरैभन्दा धेरै समुदायको साथ पाउने शाखा राखेका छौं । यसका लागि हामीले Be a Life Saver Be a Blood Donor को नारा तय गरेको छौं । बिडिएको विधान अनुसार प्रत्येक २ वर्षमा हुने राष्ट्रिय सम्मेलनलाई सफल बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रक्तदाता संघसंस्थाहरू तथा समाजसेवी व्यक्तिहरूलाई अनुरोध गर्दछु । यसमा सबैको सहयोगको अपेक्षा गर्दछु ।

थुप्रै प्रयत्नका बाबजुद पनि अमेरिकी समाजले नेपाली समाजबाट गरिएका यस्ता रचनात्मक कामलाई साथ दिन हिच्किचाउने प्रवृति पनि यदाकदा देखिन्छ । कतिपय नामका मात्र नेपाली संघसंस्था, तिनको अहम्युक्त व्यवहार, तिनको राजनीतिक दृष्टिकोणको खिचातानी पनि अहिलको अमेरिकामा चरम नै छ जसले विवाद ल्याउने गरेको पनि छ । यिनै र यस्तै अप्ठ्यारा विषयलाई किनारा लगाउँदै अघि जान सके र यो संस्थालाई अबका १५-२० वर्षसम्म यहि हिसाबले अगाडि बढाइरहन सके कुनै एकदिन यसले नेपाल र नेपालीको त्यागको भाव र राष्ट्रिय पहिचान बनाउन सफल कुने कुरामा दुईमत रहने छैन । रगतको नाता कति गहिरो र सम्मानित हुन्छ यसको सफलता अवश्यम्भावी छ । यस अभियानमा सम्पूर्ण राष्ट्रसेवक, स्वयंसेवक, समाजसेवी र संघसंस्थाको सहयोगको अपेक्षा गरेको छु ।

अन्तमा पुनः ब्लोदानको रजत जयन्ती सफलतापूर्वक सम्पन्न होस् । यो संस्थाले अझ धेरै रक्तदातहरू सृजना गरी समाज सेवामा अग्रणी स्थान लिन सफल होस्, यहि शुभकामना भन्न चाहन्छु । ❑